# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७७/०२/३२

छैटौं अधिवेशन

(चौधौ बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

**१.माननीय सदस्यहरु,**

यस सभाको छैटौं अधिवेशनको चौधौं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**२.माननीय सदस्यहरु,**

समसामयिक विषयमा बोल्नको लागि विशेष समय माग भइ आएकोले प्रदेश सभा नियमावली २०७४ को नियम ५७ को (१) बमोजिम विशेष समय निर्धारण गरेको छु । विशेष समयमा बोल्नु हुने माननीय सदस्यहरुका लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय दीर्घ बहादुर सोडारी लाइ समय दिन्छु ।**

**दिर्घ बहादुर सोडारी** : सभामुख महोदय, हिजो मात्रै नेपालको ईतिहासमा एउटा महत्वपूर्ण दिन रहयो संघीय संसद प्रतिनिधी सभाबाट नेपालको नयाँ राजनितिक नक्शा निशान छाप सहित सम्पूर्ण २५८ प्रतिनिधी सभा सदस्यहरुको उपस्थितिमा २५८ कै पक्षमा मतदान गरेर नेपालको संविधान दोस्रो संशोधन विधेयक प्रतिनिधी सभाबाट पास गर्ने काम भएको छ । प्रदेश सभाको तर्फबाट, हाम्रो तर्फबाट माननीय सभामुख महोदय, त्यो आट गर्ने सबै प्रतिनिधी सभाका सदस्यहरु, नेपाल सरकार, त्यसको नेतृत्व गरिरहेको नेपाल कम्युनिष्ट पार्टी लगायत सबै राजनितिक पार्टीहरुले एकसाथ पास गर्ने काम गरे उहाहरु प्रति हामी गर्वबोध गर्छौं । उहाहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छौ, । बधाई दिन चाहान्छौ हार्दिक धन्यवाद र बधाई छ । कमरेड प्रेम सिंह धामी देखि कमरेड मदन भण्डारी सम्मका बीर सपुतहरुले उठाएको मुद्दालाई एकमत सँग नेपालको संसदले सर्वसमत ढंगले पास गरेको छ हामीलाई गौरवमान बनाएको छ सभामुख महोदय, सभामुख महोदय, केहि मिडियाहरुमा यसो यदाकदा हेरिरहेको छु कि प्रदेश सभा, प्रदेश सरकारका मन्त्रीहरुले भर्खरै तलब भत्ता बढाएको हो कि यीनले आफै मिलिजुलि खाने काम पो गरेको हो कि भन्ने ढंगको समाचारहरु यसो छिटफुट ढंगले हेर्न पाईन्छ । हुन त राज्यको चौथो अंग, नागरिक क्षेत्रको सशक्त आवाज उठाउने क्षेत्र हो पत्रकारीता क्षेत्र सञ्चार जगत तर जो निर्णय भएको छ त्यो हाम्रो सरकारले धेरै ढीलो निर्णय गरेको अवस्था हो । त्यसको प्रारम्भिक सबैलाई थाहा छ सभामुख महोदय, गत आर्थिक बर्षको बजेट यो आर्थिक बर्षको बजेटको शुरुवादीमा गत बर्ष जेष्ठ १५ गते संघीय संसदका अर्थमन्त्री, सरकारका अर्थमन्त्री युवराज खतिवडाले अधिकृत तहका भन्दा माथिका १८ प्रतिशत, अधिकृत मुनिका कर्मचारी सहित अरुका निम्ती २० प्रतिशत तलब बढाउने काम संघीय सरकारले गरेको अवस्था हो । त्यो संघीय सरकारले गरेको अवस्थालाई श्रावण १ गते देखि यो आर्थिक बर्ष सुचारु छ यो आर्थिक बर्षको अन्तिम बर्षमा भोली देखि १ महिना मात्रै बाँकी रहदै छ यसो भै रहदा कोरोना लाग्नु भन्दा अगाडि नै हाम्रो सरकारले निर्णय गरिसकेको अवस्था हो अलि पछि निर्णय गरेको कारणले गोलमुडलमा जुन ढंगले संञ्चार क्षेत्रले यी माननीयहरुले, सरकारले आफु ढंगले आफ्नो तलब आफै बढाउने भन्ने ढंगले जुन कुरा

आईरहेको छ यतापट्टी सत्य तथ्य समाचार लेखिदिन लेखाउन सबै मिडियाकर्मीलाई हार्दिक अपिल गर्न चाहान्छु र हामी भन्न चाहान्छु कि सुदूरपश्चिम प्रदेश यस्तो प्रदेश छ जहा प्रदेशका माननीयहरु, प्रदेशका मन्त्रीहरुको सामान्य मर्यादाक्रम हेर्दा सचिवहरु विशिष्ट श्रेणीका कर्मचारी भन्दा माथि राखिएको छ तर तलबभत्ता र परिश्रमको कुरा गर्ने हो भने धेरै तल छ त्यो संञ्चारजगतले त्यतापट्टी ध्यान दिनका निम्ती सकारात्मक ढंगले बुझ्नका निम्ती पनि म हार्दिक अपिल गर्न चाहान्छु सभामुख महोदय र पछिल्लो चोटि म जहाबाट निर्वाचित भएको छु जुन नगरपालिकाको बासि छु त्यो नगरपालिका कोरोनाको सब भन्दा एपिसोड भैरहेको छ । ३१ जना गौरीगंगा पिसिआर मार्फत कोरोना पोजेटिभ देखिएको अवस्था छ । हाम्रा अस्पतालहरु हाम्रा क्षमताहरु हामीले धेरै बढाउनु पर्ने, बेडहरु धेरै बढाउनु पर्ने छ । अहिले खास गरि स्थानीय तहले जो क्वारेन्टाईनको व्यवस्था गरेको छ सभामुख महोदय, ती क्वारेन्टाईन यस्तो भएका छन् कि यो कोरोना संक्रमण गराउने, फैलाउने एकै ठाउँमा जम्मा गरेर एक अर्कालाई सराउने घर पो भएका छन् कि भन्ने अवस्था सृजना भएको छ । क्वारेन्टाईन मापदण्डका आधारमा क्वारेन्टाईन भएको छैन । त्यसै कारणले हामीले अब ध्यान दिनु पर्छ सबैले सकारात्मक ढंगले बुझ्नु पर्ने छ कि क्वारेन्टाईन लाई क्वारेन्टाईन जसरी राख्नु पर्ने छ यदी क्वारेन्टाईनलाई मापदण्ड अनुसार राख्न नसक्ने हो भने आईसोलेसन बेडलाई जब कोरोना लागि सकेपछि बस्ने ठाउँलाई पनि त्यो आईसोलेसनको मापदण्डका आधारमा राख्नु पर्ने छ यदी राख्न नसकिने हो भने सरकारले भन्नु पर्यो संघीय सरकारले पनि भन्नु पर्यो, हाम्रो प्रदेश सरकारले पनि भन्नु पर्यो, स्थानीय तहको सरकारले भन्नु पर्यो हामी सक्दैनौ बाबा तपाईहरु घरमा गएर बस्नुस घरमा चाहि होम क्वारेनटाईन वा होम आईसोलेनमा बस्नुस हामी सक्दैनौ भन्नु पर्ने अवस्था छ । यदी हामी व्यवस्था पनि गर्छौं भन्ने तर ती क्वारेन्टाईनको हालत हेर्दा त्यो संक्रमणको थलो भएको अवस्था देखिन्छ सभामुख महोदय यतापट्टी सबैको ध्यानाकर्षण गराउन चाहान्छु धन्यवाद नमस्कार ।

**माननीय रण बहादुर रावल** :- माननीय सभामुख महोदय, विशेष गरि अहिले राष्ट्र संक्रमणको घडीमा छ । कोरोनाको कारण कोभिड-१९ को कारणले अब यस भन्दा पहिला शुरुमा नेपालको संविधान संशोधन भएको छ । हिजो भर्खर बहुतै राष्ट्रमा एउटा नयाँ किसिमको सञ्चार दिएको छ । त्यसको लागि म सम्पूर्ण मतदानमा भाग लिनु हुने दल देखि लिएर सत्तापक्ष देखि लिएर प्रतिपक्ष हामी सबैलाई म प्रतिनिधी सभाका सदस्यज्यूहरुलाई म धन्यवाद दिन चाहान्छु र यो साच्चिकै हिजोको दिन गौरवको दिन रहयो । अब यस पछि म तुरुन्तै केहि दिन अगाडि अस्थि भर्खरै म टिकापुर आफ्नो निर्वाचन क्षेत्रमा भ्रमण गर्ने मौका पाएको थिए त्यहि बीचमा मैले हेरे झण्डै झण्डै १९ वटा क्वारेन्टाईन क्षेत्रहरु पनि भ्रमण गरे त्यहा झण्डै झण्डै १३९० जति त्यहा चाहि क्वारेन्टाईन भित्र राखिएका प्रवासबाट आएका हाम्रो नेपाली दाजुभाईको अवस्था पनि हेरे श्रीमान सभामुख महोदय बहुतै गम्भिर बाताबरण मैले पाए भन्नै नसक्ने बाताबरण मैले पाए तत्पश्चात पनि त्यहाको स्थानीय सरकारले जे जति गरेका छन् त्यस सन्दभमा म सम्मान गर्न चाहान्छु जुन स्रोत साधन छ तर त्यहा हुनु पर्ने विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार संघीय सरकारले अवलम्बन गरेको कुरा र त्यसलाई प्रदेश सरकारले र स्थानीय सरकारले गर्नुपर्ने सन्दर्भमा मलाई लाग्छ १० प्रतिशत पनि त्यसलाई चाहि कार्यान्वयनमा लगेको देखिएन सभामुख महोदय त्यस कारण गम्भिर प्रश्नहरु उठेको छ यत्रो जनताको जीउधन मात्र होइन जीउको प्रश्न उठेको छ । संक्रमण व्यापक रुपमा बढ्ने सम्भावना छ अब यस तर्फ म सभामुखज्यू मार्फत यो गरिमामय सदनलाई म ध्यानाकर्षण गर्न चाहान्छु । त्यो टीकापुरमा मात्रै १४ वटा पोजेटिभ देखिया छ अहिले आईसोलेन वार्ड नहुदा एउटा सभाहललाई आईसोलेसन वार्डको रुपमा प्रयोग गरिएको छ । त्यस कारण चाहि त्यस सन्दर्भमा हेरेको धेरै दिन अगाडि करिब करिब २०-२१ दिन अगाडी १९, २० गते तिर ३०० भन्दा धेरै पिसिआरको लागि श्वाव परिक्षणको

लागि पठाईएको छ अहिले सम्म पेण्डिङ छ मान्छेहरु १५, १६, २० दिन हुन लागि सक्यो त्यहा भित्र त्रायमान अवस्थामा छन् हामीलाई के भो हामीलाई टेष्ट विना घर नपठाउनु भन्ने अवस्था त्यहाको छ हामी खान नपाए पनि हामी रामी राम्रो सँग शौच गर्न नपाए पनि हामी बाच्न चाहान्छौ हामी मात्र होईन हाम्रो परिवारलाई बचाउन चाहान्छौ त्यस कारण कमसेकम सरकारले अरु नगरे पनि टेष्ट त गरिदिवस भनेका छन् त्यहा बाताबरण हेर्दा हामीलाई बहुतै गम्भिर देख्यौ मान्छेहरुले राम्रोसँग माक्स पनि नलगाउदा अलिकति सहयोगको रुपमा सबै भित्र बसेकालाई झण्डै १३९० जनालाई नै ९५ माक्स पनि हामीले वितरण गर्यौं हिजो माननीय सभामुख महोदय यो वितरण गरेकोमा धेरै गर्यौं भन्या होईन अहिलेको बेला भनेको जसले जसरी पनि गर्नुपर्ने हुन्छ अब मानवीय क्षति बढ्ने सम्भावना छ यसतर्फ सरकारको नितान्त रुपमा ध्यान जान जरुरी छ त्यसको लागि चाहि अहिले तुरुन्तै प्रदेश सरकारले पिसिआर मेशिनहरु २ वा ३ यथाशिघ्र छिटो राख्न जरुरी छ मलाई लाग्छ यदि सक्दैन भने यहाको स्थानीय जतिपनि नागरिक अगुवाहरु भन्नुस यहाको अरु स्थानीय सरकाले पनि किन्ने तयारीमा छन् त्यसमा हात मिलाएर ती मेसिनहरु छिटोमा छिटो ल्यावस अहिले भर्खर माननीय मन्त्रीज्यूलाई मैले भन्या थिए के छ भन्दा खेरि ३ हप्तापछि साहेद हुन सक्छ भन्नु भा छ त्यसैले माननीय सभामुख महोदय यो कोभिड-१९ ले साच्चीकै सुदूरपश्चिम बहुतै गम्भिर अवस्थामा पुर्याएको छ यसलाई सरकारले जति ध्यान दिनु पर्थ्यो, जति हिसाबले अनुगमन गर्नुपर्थ्यो, जति हिसाबले स्रोत साधनलाई सहि हिसाबमा पुर्याउनु पर्थ्यो त्यो मैले गम्भिर त्रुटिहरु देखेको छु तुरुन्त तुरुन्त सच्याउनु पर्छ र त्यहा जतिपनि क्वारेन्टाईन कैलाली मात्र नहोस सुदुरपश्चिम भरीका क्वारेन्टाईनहरुको यतोचित निरीक्षण गरेर त्यसको रिपोर्ट यो गरिमामय सदनमा यथाशिघ्र हप्ता दिन भित्र यहा पेश गर्नुपर्छ अन्यथा जनतालाई यसरी चाहि पिर मार्कामा परेर मार्ने अवस्था आयो भने यसको सम्पूर्ण जिम्मेवारी प्रदेश सरकारले लिनु पर्छ त्यसको लागि तयार हुनु पर्छ माननीय सभामुख महोदय त्यसैले समग्र रुपमा यो कोभिड-१९ लाई पराजय गर्नलाई यो सरकार असक्षम भैसकेको छ त्यस कारण सक्षम बन्नलाई केहि समय दिने हो त्यस पछि गर्न सकेन भने हात उठाउने बाहेक उहाहरुको अर्को पिकल्प छैन त्यसैले म यति भन्दौ छिटोमा छिटो सरकारको ध्यान जावस र तुरुन्त पिसिआर स्थापना गरोस र टेष्ट विना पिसिआर श्वाव नलिईकन चाहि घरमा पठाउने काम नगरियोस यसले गर्दा समग्र समाज नै संक्रमणमा पुग्ने स्थिति छ भयाभव अवस्था छ श्रीमान धन्यवाद ।

**माननीय भरत बहादुर खड्का** :- सभामुख महोदय, आज कोरोनाको कारणले विश्व आक्रान्त छ । हाम्रो मुलुक पनि आक्रान्त छ त्यस मध्यमा पनि सुदूरपश्चिम झन आक्रान्त अवस्थामा छ हालसालै यो लेटेष्ट कुरा हो नेपालमा ५३३५ कोरोना संक्रमित भएको यो स्वास्थ्य मन्त्रालयको डाटा छ प्रतिघण्टा १२ जनाका दरले संक्रमित हुने बताईएको छ र तिब्र गतिमा गएको छ । सुदूरपश्चिम पनि अब करिब करिब ३०० सय तिर उन्मुख भैरहेको अवस्था छ यो बडा सम्बेदनशिल कुरा छ र बारम्बार सभामुख महोदय यो सदनमा हरेक माननीयज्यूहरुले यो पिसिआरको परीक्षणको दायरा बढाउनु पर्छ, ल्यावहरु बैकल्पिक राख्नुपर्छ यो सरकारकै निर्णय हो अहिले सम्म भएन त्यति मात्र हाईन आज मेरो डोटी जिल्लामा करिब करिब ७ दिन अगाडि ९७०० क्वारेन्टाईनमा बसेका थिए अहिले छोडेर ५००० मात्रै छन् आज पनि जादै छन् १४ दिन, २१ दिन राखेका मान्छेलाई पनि बिना परीक्षण घर पठाउने काम भएको छ यसले कुन अवस्था ल्याउन सक्छ नेपाल सरकारले ध्ज्इ को जुन मापदण्ड छ त्यो अनुसार एउटा गाईडलाईन बनाएको छ पिसिआर परिक्षण गर्ने यो कोभिडमुक्त व्यक्ति हो भनेर उसलाई परिवारसँग पठाउदा त्यसले सदभाव कायम राख्थ्यो अहिले कुनै पिसिआर नगरेर धमाधम क्वारेन्टाईनमा बसेका मान्छेहरुलाई घर पठाउने काम भैरहेको छ त्यसले सामाजिक रुपमा, पारिवारीक रुपमा पनि एउटा असमाज्य पैदा गरेको छ, त्रास पैदा

गरेको छ जसले गर्दा खेरि संक्रमणलाइ बिस्तार गर्ने कुराहरु भएको छ त्यसैले सभामुखज्यू मार्फत प्रदेश सरकाले छिटो भन्दा छिटो पिसिआर किट र आवश्यक जनशक्तिको प्रवन्ध ९ वटै जिल्लामा गर्न म आग्रह पनि गर्न चाहान्छु । अब क्वारेन्टाईनको कुरा गर्ने हो भने बास्तवमा धुलो, माटोको अवस्था छ र यति दर्दनाक अवस्था छ । ध्ज्इ के मापदण्ड कुनै मापदण्डै छैन एकदम कहालीलाग्दो दर्दनाक अवस्थामा बसेका छन् अब घरबाट ल्याएर खाना खानु पर्ने, ट्वाईलेटहरु एउटा, दुईवटा हुने ५० जना एउटै कोठामा बस्नुपर्ने त्यसैले गर्दा खेरि हामी यसलाई गर्व गर्न थाल्या छौ हाम्रो क्वारेन्टाईनमा यति मान्छे भनेर आकडा देखाउछौ तर क्वारेन्टाईनको अवस्था के छ त्यसको व्यवस्थापन कसरी गर्ने, सुधार कसरी गर्ने तर्फ हाम्रो सरकारको ध्यान पुगको छैन त्यसलाई आवश्यक सुधार गरौ भनेर पनि म आग्रह गर्न चाहान्छु । अर्को संवेदनशिल कुरा के छ भने अहिले यो एसईई परिक्षाहरु पनि अब अर्को ढंगबाट लिने कुरा सरकारले ल्याएको छ सामुदायिक स्कुलहरुको अवस्था सुदुरपश्चिमको एकदमै दयनिय छ र अब अनलाईन प्रणालीबाट पठन पाठन गर्ने जो सरकारले नीति ल्याएको छ सुदूरपश्चिमको सन्दर्भमा यो अनलाईन प्रणाली सफल हुन सक्दैन किन भन्दा खेरि आवश्यक प्रविधि, आवश्यक जनशक्ति र ईक्युमेन्टसहरु छैन त्यसैले गर्दा खेरि सुदूरपश्चिमको भोलीको विद्यार्थीहरुको अवस्था के हुन सक्छ यसमा पनि प्रदेश सरकारले ध्यान पुऱ्याउनु पर्यो लाखौ विद्यार्थीप्रति यो खेलवाड हुन्छ सभामुख महोदय किन भन्दा सिद्धान्त तह पास गरेर हुदैन आवश्यकता के छ हाम्रो प्रणाली यहा के छ हामीसँग जनशक्ति कस्तो छ र त्यो किसिमको ईक्युमेन्ट हामीसँग छ कि छैन तर एउटा प्राथमिकताको सिद्धान्ततह यस्ता कुराले सुदूरपश्चिम कतातिर पुग्न सक्छ त्यसैले सभामुखज्यू मार्फत म प्रदेश सरकारलाई यो बारेमा पनि गम्भिर हुन हार्दिक अनुरोध गर्दछु । धन्यवाद ।

**माननीय चुन कुमारी चौधरी** :- माननीय सभामुख महोदय यो विश्वमा एउटा कोरोना भाईरसले संक्रमित र सबै सिंगो विश्वलाई एउटा त्रास बनाएको छ । एउटा नेपाल पनि अछुतो रहन सकेन त्यसै एउटा सुदूरपश्चिम र गोदावरी राजधानीमा रहेको गोदावरी नगरपालिकामा हिजो मात्रै १२ बजे राती पुष्कर भट्टज्यूको नवजीवन हस्पिटलमा उहालाई १२ बजे कोरोना पोजेटिभ घोषणा गरिएको छ यो गोदावरी नगरपालिका भित्र देखिने अहिले सम्म ४ जनाको नयाँ संक्रमित लगाएर ४ जना देखिन्छन र यी संक्रमित धेरै देखिन्छ । सैयौको रुपमा त्यसैले अब सुदूरपश्चिम सरकारले अब स्थानीय सरकारलाई नहेरिकन प्रदेश सरकारले सम्माननीत सदनबाट सभामुखबाट माननीय मन्त्रीलाई ध्यानाकर्षण गराए कि अब सुदूरपश्चिम प्रदेश सरकारले आफै एक्सन चाल्नु पर्यो अरुको मुख ताकेर हुदैन हाम्रो सुदूरपश्चिमका जनताहरुलाई एउटा अभिभावकको महत्व दिएर हामी आफै मेशिन किनेर आफै जनताको लागि स्वाव परिक्षण गर्ने र क्वारेन्टाईनको व्यवस्थित गर्नको लागि अब आफै कदम चाल्नु पर्छ अब अर्काको मुख ताकेर हुदैन यो कुरामा कुरा गर्दै गर्दा जनता दिनहु बढीरहेको अवस्था छ ईण्डियाबाट पनि दिनहुँ आईरहेको अवस्था देखिन्छ । अनि बाहिर देशबाट विदेशबाट पनि थुप्रै आईरहेको अवस्था देखिन्छ त्यसैले सबै भन्दा सुदूरपश्चिम जोखिम देखिन्छ सुदूरपश्चिमलाई सबै भन्दा हामी आफ्नो प्रदेश भित्रका जनतालाई एकदमै सरकारको एकदम छिटो कदम चालेर यो आफ्नो जनताको मनोवल बढाएर र सबैको उपचार र खान बस्न उहाहरुको व्यवस्था उचित गर्नुपर्छ भन्ने मैले अनुरोध गर्दै विदा हुन्छु हवस धन्यवाद ।

**माननीय मान बहादुर धामी** :- माननीय सभामुख महोदय, हिजो मात्रै नेपालको ईतिहासमा एउटा ऐतिहासिक दिनको प्रारम्भ भएको छ । नेपाल सरकारले संविधानको दोस्रो संशोधन मार्फत दार्चुला जिल्लास्थित लिम्फियाधुरा, लिपुलेक र कालापानी क्षेत्रलाई समेटेर नेपालको निशान छाँपमा सदनमा एकमुष्ट ढंगले

सबैको सहमतिका साथ निशान छाप प्रकाशन गरेको छ त्यसको लागि माननीय सभामुख महोदय मार्फत संघीय सरकार, सम्माननीय प्रधानमन्त्री केपि शर्मा ओली लगायत सम्पूर्ण राजनितिक दलहरुलाई म हृदयदेखि आभार व्यक्त गर्न चाहान्छु माननीय सभामुख महोदय, माननीय सभामुख महोदय अहिले विश्व महामारी कोभिड-१९ बाट विश्व आक्रान्त छ हामी पनि आक्रान्त छौ, सुदूरपश्चिम पनि एउटा समस्याबाट ग्रसित भैराखेको छ त्यसो हुदा खेरि माननीय सभामुख महोदय केहि दिन देखि पिसिआर मेशिनबाट थ्रोट स्वाव परिक्षण गर्ने प्रक्रिया अवरुद्ध छ भन्ने सुनिएको छ त्यस कारणले बैतडि र डोटीमा थ्रुट स्वाव संकलनको लागि पिसिआर मेशिन राख्ने भन्ने सुदूरपश्चिम प्रदेश सरकारले निर्णय गरेको थियो त्यो निर्णय कार्यान्वयनको लागि म सुदूरपश्चिम प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु र ९ वटै जिल्लाबाट कोरोनाबाट प्रभावित व्यक्तिहरुको पिसिआर टेष्टमा परीक्षणमा किटहरुको अभाव भैरहेको जुन समस्या छ त्यो समस्यालाई चाडो भन्दा चाडो समाधानको लागि माननीय सभामुख महोदय मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहान्छु धन्यवाद ।

**३.माननीय सदस्यहरु,**

अब, "प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६" माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**४.माननीय सदस्यहरू,**

अब, म सामाजिक विकास समितिका सभापति माननीय कुन्ती जोशीलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम "प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६" माथि दफावार छलफल भई तयार भएको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय,

सर्वप्रथम त मैले हिजो मात्रै नेपाल सरकारले घोषणा गरेको निशान छाँप र चित्र बदल्ने निर्णय जो गरेको छ यसका निमित्त दुई शब्द बोल्ने अनुमति माग्न चाहान्छु माननीय सभामुख महोदय, ऐतिहासिक दिन हिजोको दिन धन्यवाद छ नेपाल सरकार र प्रतिनिधी सभाका सम्पूर्ण माननीय सदस्यज्यूहरुलाई संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको निशान छाप र चित्र बदल्ने निर्णयमा एकजुट भएकोमा नेपालको राष्ट्रिय अखण्डता र सार्वभौम सत्ताको रक्षाको लागि यो एकता सधैं बलियो बनिरहोस शुभकामना दिन चाहान्छु । लिपियाधुरा, लिपुलेक र कालापानी देखिएको स्वाभिमान र राष्ट्रियतामा सदा एकता कायम रहोस यहि शुभकामना दिन चाहान्छु । नीजि स्वार्थका लागि आँखा चिम्लेर ल्याप्चे लगाउने र राष्ट्रियतालाई बन्धकी राखेर पराधिन बन्ने परम्पराको अन्त्य होस ध्यानाकर्षण पनि गराउन चाहान्छु नेपालीहरुले सधै सीर ठाडो पारेर बाच्न पाईयोस यसका निमित्त हामी सबै नेपाली एकजुट भएका छौ । हामी सबै नेपालीहरुलाई एउटा खुशिको क्षण प्राप्त भएको छ यसमा हामी सबै नेपाली एकजुट भएका छौ यसका निमित्त नेपाल र नेपालीलाई मैले धेरै शुभकामना हृदय देखि नै प्रकट गर्न चाहान्छु ।

माननीय सभामुख महोदय,

सामाजिक विकास समितिमा "प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६" हाम्रो समितिमा आएको थियो हाम्रो दफावार छलफल पश्चात मैले प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

माननीय सभामुखज्यू

प्रदेश सभा सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली, नेपाल ।

विषय :- "प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६" प्रतिबेदन सम्बन्धमा ।

माननीय सभामुख महोदय सुदूरपश्चिम प्रदेश सभाको मिति २०७६।११।११ गते बसेको पाचौ अधिवेशनको १२औं बैठकको निर्णय अनुसार प्रदेश "प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६" माथि दफावार छलफलका लागि सामाजिक विकास समितिमा पठाईएको थियो । सामाजिक विकास समितिमा उक्त विधेयक माथि २०७६।०२।०३ गते ३७ औं बैठकमा विधेयक सम्बन्धमा सर्व प्रथम छलफलको कार्य प्रारम्भ भई, ३८औं, ३९औं, ४०औं, ४६ औं, ४८औं, ४९औं र ५०औं बैठकमा विधेयक माथि विस्तृत रुपमा दफावार छलफल गरि तपशिल बमोजिमका संशोधन तथा थप गर्नुपर्ने समितिको निर्णय सहितको प्रतिबेदन पेश गरेका छौ ।

दफावार छलफलका क्रममा समितिमा देहायका माननीय मन्त्रीज्यू, माननीय सदस्यज्यूहरु, सम्बन्धित विषयका विज्ञ र सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

**देहाय**

माननीय दिव्यश्वरी शाह- सदस्य

माननीय मान बहादुर सुनार - सदस्य

माननीय डिल्ली राज पन्त - सदस्य

माननीय लाल बहादुर खड्का - सदस्य

माननीय टेक बहादुर रैका - सदस्य

माननीय नन्द बहादुर साउँद - सदस्य

माननीय सुशिला बुढाथोकी- सदस्य

माननीय गेल्बु सिंह बोहरा - सदस्य

माननीय दुर्गा कुमारी कामी - सदस्य

माननीय माया तामाङ बोहरा - सदस्य

विशेष आमन्त्रित

माननीय सामाजिक विकास मन्त्री कृष्ण राज सुबेदी

**आमन्त्रित**

माननीय बलदेव रेग्मी

**संशोधन तथा थप हुनु पर्ने विषयहरु**

| सि.न. | दफा | विधेयकमा रहेको साविक व्यवस्था | संशोधन वा थप हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | | प्रदेश खेलकूद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, | सुदूरपश्चिम प्रदेश खेलकूद सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ | विधेयकमा प्रदेशको नाम र मिति प्रष्ट पारिएको |
| २ | प्रस्तावना | प्रदेशमा खेलकूद, खेल संस्कृतिको विकास, खेलकूद पूर्वाधार निर्माण, खेलाडीको व्यावसायिक सुरक्षा, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने प्रतियोगितामा सहभागिता तथा खेलकूद क्षेत्रको समग्र विकास गर्न वाञ्छनीय भएकोले, | प्रदेशमा खेलकूद, खेल संस्कृतिको विकास, खेलकूद पूर्वाधार निर्माण, खेलाडीको व्यावसायिक सुरक्षा, प्रदेश,अन्तर प्रदेशराष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने प्रतियोगितामा सहभागिता तथा खेलकूद क्षेत्रको समग्र विकास गर्न वाञ्छनीय भएकोले, | अन्तर प्रदेश समेत थप गर्न उपयुक्त भएकोले |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ३ | दफा १ को उपदफा (१)मा | (१) यस ऐनको नाम “प्रदेश खेलकूद ऐन, २०७६” रहेको छ। | (१) यस ऐनको नाम “सुदूरपश्चिमप्रदेश खेलकूद ऐन, २०७६” रहेको छ । | प्रदेशको नाम स्पष्ट पारिएको । |
| ४ | दफा ३ को उपदफा (२) को (क) मा | (क) सामाजिक विकास मन्त्री वा राज्यमन्त्री - अध्यक्ष | (क)सामाजिकविकासमन्त्री, राज्यमन्त्रवा सहायक मन्त्री- अध्यक्ष | सहायक मन्त्रीलाई पनि थप गर्न उपयुक्त भएकाले । |
| ५ | दफा ३ को उपदफा (२) को (छ) मा | (छ) प्रदेशस्तरमा रहेका खेलकूदसम्बन्धी संस्थाबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा एक जना महिला सहित तीन जना-सदस्य | (छ) प्रदेश स्तरमा रहेका खेलकूदसम्बन्धी दर्ता भएकासंघ,संस्थाहरुबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा एक जना महिला सहित तीन जना-सदस्य | दर्ता भएका संघ हरुबाट मनोनित गर्न उपयुक्त भएकोले । |
| ६ | दफा ३ को उपदफा (३) | (३) खण्ड(ङ) देखि(झ) सम्मका सदस्य मनोनीत गर्दा प्रदेशको भौगोलिक र समावेशी प्रतिनिधित्व हुने गरी मनोनीत गर्नु पर्नेछ । | (३) खण्ड(ङ) देखि(झ) सम्मका सदस्य मनोनीत गर्दा प्रदेशको भौगोलिकसामानुपातिक र समावेशी प्रतिनिधित्व हुने गरी मनोनीत गर्नु पर्नेछ । | सबैको प्रतिनिधित्व सूनिश्चित गर्न थप गरिएको । |
| ७ | दफा ४ को उपदफा (३) | (३) दफा ३ को उपदफा (२) को खण्ड (घ) देखि(ज) सम्मका मनोनीत वा नियुक्त हुने सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा मनोनित वानियुक्त गर्ने निकायले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ। तर त्यसरी हटाउनु पर्दा सम्बन्धित सदस्यलाई सफाईको उचित मौका दिनुपर्नेछ । | (३) दफा ३ को उपदफा (२) को खण्ड (घ) देखि(ज) सम्मका मनोनीत वा नियुक्त हुने सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा मनोनित वानियुक्त गर्ने निकायले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदमुक्त गर्न सक्नेछ। तर त्यसरी पदमुक्त गर्दा सम्बन्धित सदस्यलाई सफाईकोउचित मौका दिनुपर्नेछ । | हटाउनु पर्दा भन्ने शब्दको ठाउँमा पदमुक्त गर्ने शब्द राख्न उपयुक्त देखिएकोले |
| ८ | दफा ५ को उपदफा (ख) | वहालवाला कर्मचारी, | (ख)सरकारी वा गैर सरकारी संघ संस्थामा वहालवाला कर्मचारी, | सरकारी र गैर सरकारीलाई प्रष्ट पारीएको । |
| ९ | दफा ७ को उपदफा | (३) परिषद्को कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमाबैठकको लागि गणपूरक संख्या पुगेको | (३) परिषद्को कूल सदस्य संख्याको एकाउन्न (५१) प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमाबैठकको लागि गणपूरक संख्या पुगेको | गणपुरक संख्यामा बहुमत निश्चित गर्न उपयुक्त देखिएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | (३) मा | मानिनेछ । | मानिनेछ । | |
| १० | दफा ७ को उपदफा (८) मा | (८) बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैलेनिर्धारण गरे बमोजिम हुनेछ। | (८)बैठकसम्बन्धी अन्य कार्यविधि परिषद् आफैलेनिर्धारण गरे बमोजिम हुनेछ र बैठकको कार्यसूची परिषदका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ । | बैठकको कार्यसूची दिन उपयुक्त भएकोले । |
| ११ | दफा ८ को उपदफा (ख) मा | (ख)प्रदेश,राष्ट्रियतथा अन्तर्राष्ट्रियस्तरका खेलकूद प्रतियोगिता आयोजना गर्ने, | (ख) प्रदेश,अन्तरप्रदेश,राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकूद प्रतियोगिता आयोजना गर्ने, | प्रदेश-प्रदेश विचमा खेलकूदको विकास गर्न थप गर्न उपयुक्त देखिएकोले । |
| १२ | दफा ८ को उपदफा (ग) मा | (ग) प्रदेश,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई पठाउने, | (ग) प्रदेश,अन्तरप्रदेश,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा आवश्यकता अनुसार अन्य सदस्यलाई पठाउने, | प्रदेश-प्रदेश विचमा खेलकूदको विकास गर्न तथा परिषदमा पदाधिकारीको ठाउंमा सदस्य शब्द राख्न उपयुक्त देखिएकोले। |
| १३ | दफा ८ को उपदफा (घ) मा | (घ) खेलकूद सम्बन्धी संस्थालाई सहयोग प्रदान गर्ने वा त्यस्तो सहयोगको लागि मन्त्रालयलाई सिफारिस गर्ने, | (घ) खेलकूद सम्बन्धीदर्ताभएका संघ, संस्थालाई सहयोग प्रदान गर्ने वा त्यस्तो सहयोगको लागि मन्त्रालयलाई सिफारिस गर्ने, | खेलकूद सम्बन्धी दर्ता भएकासंघ लाई समेटन थप गरिएको । |
| १४ | दफा ८ को उपदफा (ट) मा | (ट) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने, | (ट) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि स्वास्थ्य बिमा लगायत आवश्यक व्यवस्था गर्ने र खेलकूद खेल्ने क्रममा अपाङ्गता भएका खेलाडीहरुलाई विशेष प्राथमिता दिनुपर्ने छ। | खेलाडीहरुको स्वास्थ्य संरक्षणका लागि बिमा गर्न र अपाङ्गता भएकालाई विशेष प्राथमिकता दिन उचित हुने भएकोले थप गरिएको । |
| १५ | दफा ८ को उपदफा (प) मा | | (प)सुदूरपश्चिम प्रदेशका प्रदेश,अन्तरप्रदेश, राष्ट्रिय र अन्तराष्ट्रिय पदक प्राप्त खेलाडीहरुलाई सम्मान र उचित पुरुष्कारको लागि सिफारिस गर्ने। | प्रदेश,अन्तरप्रदेश,राष्ट्रिय र अन्तराष्ट्रिय स्तरका खेलाडीहरुलाई प्रेरणा प्रदान गरी खेलकूदको विकासमा टेवा पुग्ने भएकोले उपदफा थप गरीएको । |
| १६ | दफा ९को उपदफा (ख) मा | (ख) खेलकूदको क्षेत्रमाकम्तिमा५ वर्षको अनुभव हाँसिल गरेको, | (ख खेलकूदको क्षेत्रमा कम्तिमा दश (१०) वर्षको अनुभव हाँसिल गरेको, | खेलकूद क्षेत्रको अनुभव थप गर्न उपयुक्त देखिएकोले |

| | | | | |
|---|---|---|---|---|
| **१७** | दफा १८ को उपदफा (४) मा | | (४) खेलकूद सम्बन्धी संघ, संस्था खारेज भएमा संघ, संस्थाको चल अचल सम्पत्ति स्वतः प्रदेश सरकार मातहतमा हुने छ। | उपदफा थप गर्न उपयुक्त भएकोले । |

**माननीय सभामुख महोदय,**

उपरोक्त संशोधन तथा थप हुनु पर्ने विषयहरु सुदूरपश्चिम प्रदेश **"सुदूरपश्चिम प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** मा समावेश गरि उक्त विषयहरुलाई विधेयकको अंग बनाई सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिम प्रदेश सभा नियमावली २०७४ को नियम १६० बमोजिम यो प्रतिबेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिबेदन तयार गर्न सहयोग पुऱ्याउने सम्पूर्ण सामाजिक विकास समितिका माननीय सदस्यज्यूहरु, सचिवालयका कर्मचारीज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु ।

<u>प्रस्तुतकर्ता</u>
कुन्ति जोशी
सभापति सामाजिक विकास समित
२०७७।०२।३०

**५.माननीय सदस्यहरु**

**"सुदूरपश्चिम प्रदेश खेलकूद सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको आजको कार्वाही यही समाप्त हुन्छ

**६.माननीय सदस्यहरु**

आजको बैठकको कार्वाही यहि समाप्त हुन्छ । अर्को बैठक मिति २०७७ साल आषाढ महिनाको १ गते सोमबार दिनको ४:०० बजे बस्ने भएकोले उक्त मिति सम्मकालागी बैठक स्थगित भएको घोषणा गर्दछु ।